Sexual Assault Support Service

# बाल सुरक्षाप्रतिको प्रतिबद्धता विवरण

## बाल सुरक्षाप्रति हाम्रो प्रतिबद्धता

प्रत्येक बालबालिका र किशोरकिशोरीलाई सुरक्षित महसुस गर्ने र आफ्नो कुरा सुन्निन पाउने अधिकार हुन्छ। यौन दुर्व्यवहार सहायता सेवा (SASS) मा हामी प्रत्येक बालबालिका र किशोरकिशोरीको सुरक्षा र कल्याणको लागि प्रतिबद्ध छौँ।

हामी बालबालिका, किशोरकिशोरी र परिवारहरुका लागि सुरक्षित, स्वागतयोग्य र समावेशी वातावरण सिर्जना गर्न प्रतिबद्ध छौँ।

## बाल सुरक्षित हुनुको अर्थ के हो?

बाल सुरक्षित हुनुको अर्थ हाम्रा बालबालिका र किशोरकिशोरीहरूलाई निम्न कुराहरू महसुस गराउने काम गर्नु हो:

- ✓ सुरक्षित र सम्मानित
- ✓ कुरा सुनिएको
- ✓ अधिकार थाहा भएको
- ✓ कुरा गर्न सक्ने भरपर्दो वयस्कहरू भएको
- ✓ केहि ठीक नभएको जस्तो लागेमा मद्दत माग्ने

## बालबालिकाको सुरक्षा

बालबालिकाहरूलाई सुरक्षित राख्न हामी निम्न कुराहरू गर्छौं:

- ✓ हाम्रा सेवाहरू, कार्यक्रमहरू र सञ्चारहरुमा बालबालिका र किशोरकिशोरीहरूका लागि सुरक्षित र समावेशी वातावरण सिर्जना गर्ने काम
- ✓ बाल सुरक्षित संस्थाको अर्थ मानिसहरूलाई बुझाउन सहयोग गर्ने
- ✓ बाल सुरक्षा सम्बन्धी चिन्ताका विषयहरू पहिचान गर्ने, प्रतिक्रिया जनाउने र रोक्ने
- ✓ चिन्ताका विषयहरू उठ्दा सावधानीपूर्वक र उचित रूपमा प्रतिक्रिया दिने
- ✓ प्रतिक्रिया मार्फत र चिन्तन मनन गरेर हाम्रा बाल सुरक्षा अभ्यासहरू बारे निरन्तर सिक्दै जाने र सुधार जारी राख्ने

## बालबालिका र किशोरकिशोरीहरूसँग काम गर्दा:

बालबालिका र किशोरकिशोरीहरूसँगको हाम्रो काममा, हामीले निम्न कुराहरू गर्नेछौं:

- ✓ सुरक्षा र कल्याणलाई टेवा पुर्‍याउन बालबालिका, परिवार, समुदाय र अन्य संस्थाहरूसँग मिलेर काम गर्ने
- ✓ बालबालिका र किशोरकिशोरीहरूलाई प्रभाव पार्ने निर्णयहरू लिँदा उनीहरुलाई सहभागी गराउन सहयोग गर्ने
- ✓ बालबालिका र किशोरकिशोरीहरूलाई केहि गलत भएमा, असुरक्षित वा असहज महसुस भएमा आफ्नो कुरा राख्न प्रोत्साहित गर्ने
- ✓ ध्यानपूर्वक कुरा सुन्ने र चिन्ताका विषयलाई गम्भीरतापूर्वक लिने

Sexual Assault Support Service

## मनमा केही शङ्का लागेमा

बालबालिका र किशोरकिशोरीहरूले निम्न कुराहरू गर्न सक्छन्:

- विश्वसनीय वयस्कसँग कुरा गर्ने
- SASS का कर्मचारी सदस्यसँग कुरा गर्ने
- अभिभावक, हेरचाहकर्ता वा सहयोगी व्यक्ति सँगै ल्याउने
- प्रश्न सोध्ने वा मद्दत खोज्ने

हामीले कुरा सुन्नेछौँ, चिन्ताका विषयहरूलाई गम्भीरताका साथ लिनेछौँ र मानिसहरूलाई सुरक्षित राख्न मद्दत गर्ने काम गर्नेछौँ।

बालबालिका र किशोरकिशोरीहरूलाई असर गर्ने निर्णयहरू लिँदा उनीहरूको कुरा सुन्नु पर्छ र उनीहरुलाई संलग्न गराउनु पर्छ भन्ने हाम्रो विश्वास छ।